नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

आज मिति २०७२ साल भदौ ६ गते आइतवार माननीय उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंहज्यूको अध्यक्षतामा आ.व. २०७१\७२ को वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति(MDAC) को बैठक सम्पन्न भयो । उक्त बैठकमा मन्त्रालयका सचिव, सह-सचिवहरु, विभाग, प्रतिष्ठान, आयोग, समिति, कार्यक्रम र आयोजनाका प्रमुखहरु लगायतका कर्मचारीहरुको उपस्थिति रहनुका साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय , जिविस महासंघ, गाविस महासंघका आमन्त्रित प्रतिनिधिहरु र संचारकर्मीहरुको समेत उपस्थिति रहेको थियो ।

यस मन्त्रालयका सह सचिव एवं अनुगमन तथा मुल्यांकन महाशाखा प्रमुख श्री गोकर्णमणि दुवाडीले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय अन्तरगत सम्पादित कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७१\७२ को कुल बजेट ५७ अर्ब ४४ करोड ४६ लाख विनियोजन भएकोमा रु ४७ अर्ब २१ करोड ८८ लाख खर्च भएको अर्थात विनियोजन रकमको ८८.१२ % खर्च भएको, जसमध्ये पुंजीगत तर्फ ५०.५८% र चालुतर्फ ९३.५७% खर्च भएको विवरण प्रस्तुत गर्नुभयो । यसैक्रममा सो आर्थिक बर्षमा प्राप्त भएको उपलब्धि उल्लेख गर्दै ती कार्यक्रम तथा आयोजना कार्यान्वयनमा देखापरेका समस्याहरु समेत प्रस्तुत गर्नु भयो । उक्त कार्यक्रममा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, केन्द्रीय पंजीकरण विभागका महानिर्देशकहरुले आ आफ्नो विभाग अन्तरगत संचालित कार्यक्रम तथा आयोजनाहरुको समग्र प्रगतिको अवस्था समेत प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा माननीय उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंहज्युले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको पूर्वतयारीका लागि यो बैठक महत्वपूर्ण भएको, स्थानीय स्वायत्त शासन ऐनको मर्म र भावना अनुसार मात्र मन्त्रालयले आफ्नो कार्य सम्पादन गर्ने गरेको धारणा ब्यक्त गर्नुभयो । साथै पुजीगत खर्चमा सुधार गर्न तदारुकताका साथ अघि बढ्नुपर्ने, कार्यान्वयनमा कुनै समस्या सृजना भए तत्काल समाधानका उपाय खोजिनुपर्ने, बजेट तथा वित्तीय व्यबस्थापनको क्षेत्रमा सम्बन्धित मन्त्रालय एवं निकायहरुसंग प्रभावकारी समन्वय गरिनुपर्ने , बेरुजु फर्छ्यौट कार्यलाई अझ प्रभावकारी बनाई बेरुजु नै नगर्ने गरी कार्यशैलीमा सुधार गर्नुपर्ने, घोषणा गरिएका नयाँ नगरपालिकाहरुको नीतिगत, संरचनागत र वित्तिय पक्षमा सबलीकरण गर्न मन्त्रालयले ध्यानदिनुपर्ने समेत निर्देशन दिनुभयो ।

उक्त बैठकमा यस मन्त्रालयका सचिव श्री माधव प्रसाद रेग्मीज्यूले गत वर्षको अनुभवबाट सिक्दै पूजींगत खर्च उपयोग गर्नेतर्फ विशेष ध्यानदिनुपर्ने, जनताको माग र आवश्यकता बमोजिम योजना\कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने, स्थानीय निकायको निर्वाचनलाई मध्यनजर गरी आवश्यक तयारी गर्नुपर्ने, संघीयताको सम्बन्धमा कर्मचारी व्यबस्थापन र आन्तरिक स्रोत साधन व्यवस्थापन सम्बन्धमा आवश्यक गृहकार्य गर्नुपर्ने धारणा राख्नुभयो। साथै सोही क्रममा भु-उपयोग नीति र भवन निर्माण संहिता\मापदण्डलाई प्रभावकारी रुपले स्थानीय निकायले प्रयोगमा ल्याउनुपर्ने, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका अन्य निगरानी निकायहरुले दिएका निर्देशनहरु तदारूकताका साथ कार्यान्वयन गरी सुशासनमा टेवा दिनुपर्ने, गैह्र सरकारी संस्थाले संचालन गर्ने क्रियाकलापहरुलाई जनताको मागसँग आवद्ध गरी सोही अनुरुप स्थानीय निकायहरुले समन्वय गर्नेतर्फ उचित ध्यान पुर्याउनुपर्ने कुरा ब्यक्त गर्नुभयो।

यस बैठकमा प्रधान मन्त्री तथा मन्त्रीपरिषद्का कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, जिविस महासंघका प्रतिनिधिहरुले समेत आफ्ना धारणाहरु राख्नु भएको थियो।

मितिः२०७२\०५\०६

सहसचिव

(धन बहादुर श्रेष्ठ)

सह-सचिव